# शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४

जारी मिति : २०७४/०५/२७

## प्रस्तावना

शिक्षा ऐन २०२८ (आठौं संशोधन २०७३) को दफा ७(ख) को कार्यन्वयनका लागि सो दफामा उल्लिखित शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सञ्चालनसम्वन्धी विषयमा निर्देशिका जारी गर्नु वाञ्छनीय भएकाले नेपाल सरकार, शिक्षा मन्त्रालयले **शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४** शिक्षा ऐन २०२८ (आठौं संशोधन २०७३) को दफा १९(क) ले दिएको अधिकार प्रयोग गरी जारी गरेको छ।

## परिच्छेद १ : प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**

क) यस निर्देशिकाको नाम शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ रहेको छ।

ख) यो निर्देशिका तुरुन्त लागु हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) ऐन भन्नाले शिक्षा ऐन (संशोधनसहित) २०२८ लाई जनाउनेछ।

ख) नियमावली भन्नाले शिक्षा नियमावली (संशोधन सहित) २०५९ लाई जनाउनेछ।

ग) मन्त्रालय भन्नाले शिक्षा मन्त्रालयलाई जनाउनेछ।

घ) केन्द्र भन्नाले शैक्षिक गुणस्तर परीक्षण केन्द्र (अङ्ग्रेजीमा Education Review Office – ERO) लाई जनाउनेछ, जसको कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ।



Scanned with CamScanner

ङ) शैक्षिक निकाय भन्नाले मन्त्रालय र अन्तर्गतका संस्थाहरूलाई बुझाउनेछ।

## परिच्छेद २ : केन्द्र र पदाधिकारीका कार्यहरू

**३. शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिबृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाकालागि शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने ।

ख) विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादनस्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारकानिम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने ।

ग) जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनकालागि सहजीकरण गर्ने ।

घ) शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने ।

ङ) शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने ।

च) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन-अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिकालागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू उपलब्ध गराउने ।

छ) विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायहरूको कार्यसम्पादन परीक्षणकालागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी तथा प्रयोग गर्ने गराउने ।

ज) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन, अनुसन्धानकालागि मानवीय तथा सँस्थागत क्षमता विकास गर्ने गराउने ।

झ) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन-



Scanned with CamScanner

अनुसन्धानलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

४. **कार्यकारी प्रमुख (सहसचिव)**

क) निजामती सेवाअन्तर्गत नेपाल शिक्षा सेवाका सहसचिव (रा.प.प्रथम श्रेणी) मध्येबाट नेपाल सरकारले खटाएको व्यक्ति केन्द्रको कार्यकारी प्रमुख हुनेछ ।

ख) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. केन्द्रको वार्षिक योजना, कार्यक्रम, बजेट तयार गर्ने गराउने,

२. निकायगत, विद्यालयगत कार्य सम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिस्तर परीक्षणसम्बन्धी कार्ययोजना तथा रणनीति निर्माण गर्ने गराउने,

३. निकायगत, विद्यालयगत कार्य सम्पादन परीक्षण तथा विद्यार्थी सिकाइस्तर परीक्षणकालागि आवश्यक कार्यविधि तथा कार्य निर्देशिका तयार गर्ने गराउने,

४. स्वीकृत योजना तथा कार्यविधिअनुसार शिक्षा मन्त्रालयअन्तरगतका निकायहरू तथा विद्यालयहरूको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र पदाधिकारीको सक्षमता तथा कार्य प्रगतिहरूको लेखाजोखा गर्ने गराउने,

५. शैक्षिक गुणस्तर अभिवृद्धिकालागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरूको कार्यान्वयन अवस्थाको परीक्षण गर्ने गराउने,

६. निकायगत तथा विद्यालयगत कार्यसम्पादन र विद्यार्थी सिकाइ उपलब्धि परीक्षणकालागि ढाँचा, साधन, सूचक तथा मापदण्ड विकास गर्ने गराउने,

७. परीक्षण गरिएका निकाय र विद्यालयहरूको परीक्षण प्रतिवेदन तयार गर्ने गराउने,

८. गुणस्तर सुधारका लागि विद्यार्थीहरूको सिकाइस्तरको आवधिक

Scanned with CamScanner

रुपमा परीक्षण गर्ने गराउने,

९. मन्त्रालयअन्तर्गतका निकायहरू र विद्यालय तहसम्मका शैक्षिक साझेदारी संस्थाहरूबीच संस्थागत समन्वयको अवस्था विश्लेषण गरी सुधारकालागि सुझाव दिने,

१०. समसामयिक शैक्षिक मुद्दाहरू पहिचान गरी सोको अध्ययन गराई सुझावहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने गराउने,

११. परीक्षण समितिको निर्णयअनुसार परीक्षणहरूका अन्तिम प्रतिवेदन तयार गर्ने गराउने, परीक्षण समितिमा छलफल गराउने र राष्ट्रिय शिक्षा परिषद्मा पेस गरी सार्वजनिक गर्ने गराउने,

१२. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजालाई अन्तर्राष्ट्रिय अवस्थासँग तुलना गर्ने गराउने र सरोकारवालाहरूलाई उपलब्धिको जानकारी गराउने,

१३. केन्द्रको वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेस गर्ने,

१४. विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षणसम्बन्धी रणनीति र कार्यनीति, ढाँचा, कार्ययोजना निर्माण गर्ने गराउने,

१५. उपलब्धि परीक्षण र कार्यसम्पादन परीक्षणको विकास र गुणस्तर विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत सम्बन्ध र सम्पर्क विस्तार गर्ने,

१६. विद्यार्थी उपलब्धि तथा कार्यसम्पादन परीक्षणसम्बन्धी नीति तथा कार्यनीति तयार गर्ने र परीक्षण समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

१७. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यकारी प्रमुखका रुपमा केन्द्रको दैनिक प्रशासन, आर्थिक प्रशासन, खरिद र कर्मचारी प्रशासनसम्बन्धी सम्पूर्ण निर्णय गर्ने र कार्यान्वयन गर्ने गराउने ।

Scanned with CamScanner

## ५. परीक्षण समिति

क) परीक्षणसम्बन्धी नीतिगत तथा व्यवस्थापकीय पक्षसँग सम्बन्धित आवश्यक निर्णय समेत गरी परीक्षणलाई प्रभावकारी बनाउने उद्देश्यले देहायबमोजिम एक परीक्षण समिति गठन हुनेछ :

१. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुख शिक्षा परीक्षक अध्यक्ष

२. शिक्षा मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन महाशाखाको सहसचिव सदस्य

३. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यकारी प्रमुख (सहसचिव) सदस्य

४. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यकारी प्रमुख (सहसचिव) ले मनोनीत गरेको विद्यालय तहका शिक्षक दुई जना सदस्य

५. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यकारी प्रमुख (सहसचिव) को सिफारिसमा प्रमुख शिक्षा परीक्षकले मनोनीत गरेका सम्बन्धित क्षेत्रका विज्ञ तीन जना सदस्य

६. परीक्षण समितिले छनोट गरेका शैक्षिक अनुसन्धान कार्यमा संलग्न संस्थाहरूबाट ती संस्थाहरूले तोकेको विज्ञ वा अनुसन्धानकर्ता दुई जना सदस्य

७. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यकारी प्रमुख (सहसचिव) ले तोकेको केन्द्रको एकजना उपसचिव सदस्यसचिव

ख) शैक्षिक गुणस्तर परीक्षण केन्द्रअन्तर्गतका विषय समितिहरूका अध्यक्षहरूलाई समितिको बैठकमा आवश्यकतानुसार आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन सकिने छ।

ग) प्रमुख शिक्षा परीक्षकसँग परामर्श गरी कुनै विज्ञ तथा सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ।

घ) समितिको बैठकमा सहभागी आमन्त्रित व्यक्तिले समितिका सदस्यले पाए सरह बैठक भत्ता पाउने छन्।



Scanned with CamScanner

ङ) समितिका मनोनीत सदस्यको पदावधि तीन वर्षको हुने छ र निजहरूलाई पुनः मनोनयन गर्न सकिने छ।

च) समितिका अध्यक्ष तथा सदस्यहरूले अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिकाबमोजिम वा तोकिएबमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउने छन्।

छ) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरे अनुसार हुनेछ।

ज) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

१. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालय तथा निकायको कार्यसम्पादन परीक्षणसम्बन्धी नीति तथा कार्यनीति तर्जुमा गर्ने।

२. परीक्षणको दीर्घकालिन तथा बार्षिक योजना स्वीकृत गर्ने।

३. विद्यार्थी उपलब्धि परीक्षणका लागि आवश्यक ढाँचा, कार्यविधि, विधि तथा प्रक्रिया निर्धारण गर्ने।

४. कार्यसम्पादन परीक्षणका लागि आवश्यक ढाँचा, कार्यविधि, विधि, साधन तथा प्रक्रिया निर्धारण गर्ने।

५. विद्यार्थी उपलब्धि परीक्षण तथा कार्यसम्पादन परीक्षणका लागि आवश्यक पर्ने साधनहरू स्वीकृत गर्ने।

६. परीक्षण तथा अध्ययन-अनुसन्धानका नतिजाहरू सार्वजनिक गर्ने, राष्ट्रिय शिक्षा परिषद्मार्फत शिक्षा मन्त्रालयलाई परीक्षण तथा अध्ययन अनुसन्धानका नतिजाहरूका आधारमा शैक्षिक गुणस्तर सुधारसम्बन्धी सिफारिस तथा सुझाव प्रदान गर्ने।

७. विषय समितिको कार्यमा सहजीकरण गर्ने र आवश्यकतानुसार अन्य समिति तथा कार्यदल गठन गर्ने।

८. परीक्षणसम्बन्धी क्षमता विकास योजना तथा कार्यक्रम तर्जुमा गर्ने र तर्जुमा गरिएका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सहकार्यको योजना बनाउने।



Scanned with CamScanner

६. **विषय समितिहरू**

क) परीक्षण विधि तथा प्रक्रिया निर्धारणमा पृष्ठपोषण प्रदान गर्ने, परीक्षणका लागि आवश्यक प्रश्नपत्र, प्रश्नावली लगायतका परीक्षण साधनहरूलाई अन्तिमरुप प्रदान गर्ने, सम्बन्धित विषयमा परीक्षण तथा अध्ययन-अनुसन्धान सञ्चालनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई आवश्यक प्राविधिक सहयोग गर्ने लगायतका कार्यका लागि विषय समितिहरू देहायबमोजिम गठन हुनेछन् :

१. विद्यार्थीको उपलब्धि परीक्षण गरिने प्रत्येक विषयलगायत कार्यसम्पादन परीक्षण, प्रारम्भिक पढाई सीप परीक्षण, प्रारम्भिक बाल विकास परीक्षण तथा अन्य अध्ययन-अनुसन्धान प्रत्येकका लागि एक एक विषय समिति गरी आठओटासम्म विषय समितिहरू गठन हुनेछन् ।

२. विषय समितिमा १ जना अध्यक्ष, ६ देखि ८ जनासम्म सदस्य र एक जना सदस्यसचिव रहने छन् ।

३. विषय समितिको अध्यक्ष सम्बन्धित विषय क्षेत्रमा विशिष्टता हासिल गरेको विषयको विज्ञ वा प्राध्यापक/सहप्राध्यापक मध्येबाट मनोनीत हुनेछन् ।

४. समितिका सदस्यहरूमा सम्बन्धित विषयका विज्ञ, शिक्षक, विश्वविद्यालयका शिक्षक इत्यादि मध्येबाट मनोनीत गरिने छ ।

५. विषय समितिको अध्यक्षको मनोनयन कार्यकारी प्रमुखले सिफारिस गरेका व्यक्ति मध्येबाट प्रमुख शिक्षा परीक्षकबाट हुनेछ ।

६. विषय समितिका सदस्यहरूको मनोनयन कार्यकारी प्रमुखबाट हुनेछ भने शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सम्बन्धित अधिकृत कर्मचारीलाई कार्यकारी प्रमुखले सदस्यसचिवका रुपमा तोक्ने छन् ।

७. समितिका अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ । अवधि समाप्त भएपछि पुनः मनोनयन हुन सक्ने छन् ।

ख) विषय समिति अध्यक्ष तथा सदस्यहरूले अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिकाबमोजिम वा तोकिएबमोजिमको बैठक भत्ता तथा अन्य सुविधा



Scanned with CamScanner

पाउनेछन् ।

ग) विषय समितिहरूले बैठकको अन्य कार्यविधि आफैँ निर्धारण गर्न सक्नेछन् ।

## परिच्छेद ४ : केन्द्रको संरचना र व्यवस्थापन

७. **संरचना**

केन्द्रको कार्यकारी प्रमुखका रुपमा सहसचिव तथा देहायबमोजिमका एकाइहरू रहेको केन्द्रको संरचना हुनेछ :

क) सिकाइ उपलब्धि परीक्षण एकाइ

ख) कार्यसम्पादन परीक्षण एकाइ

ग) अनुसन्धान तथा विकास एकाइ

घ) योजना तथा प्रशासन एकाइ

८. **जनशक्ति व्यवस्था**

क) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्य सम्पादनका लागि देहायबमोजिमको जनशक्ति रहनेछ :

१. शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि निर्धारित योग्यता, अनुभव र क्षमता भएका निजामति कर्मचारीमध्ये नेपाल सरकार शिक्षा मन्त्रालयले खटाएका कर्मचारीहरू ।

२. सेवाको प्रकृति र जनशक्तिको योग्यता र दक्षताका आधारमा आवश्यक हुने शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा करारमा नियुक्त गरिएका कर्मचारीहरू ।

३. विशिष्ट प्राविधिक तथा प्राज्ञिक कार्यकालागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा निश्चित कार्य वा समयकालागि नियुक्त हुने विशेषज्ञ, विज्ञ तथा परामर्शदाताहरू ।

ख) शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा नेपाल सरकारले खटाएका कर्मचारीहरू शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट अन्यत्र सरुवा गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्य प्रकृतिअनुरुप आवश्यक विशिष्ट योग्यता र अनुभव भएको जनशक्तिको उपलब्धता सुनिश्चि हुनु पर्नेछ ।



Scanned with CamScanner

९. **आर्थिक स्रोत व्यवस्थापन**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको दैनिक कार्य सञ्चालनलगायत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट नेपाल सरकारबाट वार्षिक विनियोजन मार्फत प्राप्त हुने छ।

## परिच्छेद ५ : परीक्षण सञ्चालन प्रक्रिया र प्रतिवेदन

१०. **परीक्षण सञ्चालन प्रक्रिया**

क) परीक्षण साधन विकास

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र सिद्धान्तमा समेत आधारित भई उपलब्धि परीक्षणकालागि स्तरीकृत साधन निर्माण गरिने छ।

२. उपलब्धि परीक्षणकालागि साधन निर्माणमा सम्बन्धित विषय शिक्षक, परीक्षण विज्ञ, विशेषज्ञ, सम्बन्धित विषयका प्राध्यापक तथा विज्ञहरूलाई सहभागी गराइने छ।

३. उपलब्धि परीक्षणका लागि मसौदा गरिएका प्रश्नहरू पूर्व परीक्षण गरी पद विश्लेषण गरेर उपयुक्त प्रश्नहरू मात्र परीक्षणका लागि प्रयोग गरिने छ।

४. उपलब्धि परीक्षणको नतिजालाई व्याख्या गर्ने तरिका मानक वा मापदण्ड मध्ये कुन हुने हो सोही आधारमा परीक्षण साधन विकास गरिने छ।

५. उपलब्धि परीक्षणमा विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्त्वहरू र उपलब्धिको सम्बन्ध देखाउने गरी साधनहरूको विकास गरी परीक्षण सञ्चालन गरिने छ।

६. कार्यसम्पादन परीक्षणका लागि साधनहरूको विकास र परिमार्जन गर्दा सम्बन्धित संस्था तथा व्यक्ति मध्येबाट समेत राय सुझाव लिन सकिने छ।

७. परीक्षण साधन विकास, परिमार्जन र अन्तिमरुप प्रदान गर्ने कार्यमा सम्बन्धित विषय समितिको सुझावलाई आधार मानिने छ भने

Scanned with CamScanner

परीक्षणका अन्य पक्ष वा चरणमा पनि ती समितिहरूबाट सुझाव प्राप्त गर्न सकिने छ ।

ख) नमुना छनौट

१. उपलब्धि परीक्षणका लागि नमुना छनौट गर्दा निश्चित सिद्धान्त तथा पद्धति अवलम्बन गरिने छ ।

२. कार्यसम्पादन परीक्षण नमुना छनौट गरेर वा निश्चित क्षेत्र, संस्था वा विद्यालयको परीक्षण सञ्चालन गर्न सकिने छ ।

ग) परीक्षण साधन निर्माण, परीक्षण सञ्चालन, आँकडा प्राप्ति, तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयार गर्नका लागि आवश्यकतानुसार विज्ञ व्यक्ति वा संस्थाको सेवा लिन सकिने छ ।

घ) परीक्षणसम्बन्धी मुख्यमुख्य प्रक्रिया निर्धारण तथा नतिजा सार्वजनिक गर्ने कार्यको निर्णय परीक्षण समितिबाट हुने छ ।

११. **प्रतिवेदन**

केन्द्रले परीक्षणसम्बन्धी वार्षिक प्रतिवेन तयार गरी गराई राष्ट्रिय शिक्षा परिषद् मार्फत नेपाल सरकार समक्ष पेस गर्नेछ । यस्तो प्रतिवेदनमा परीक्षणको विधि र प्रक्रिया, परीक्षण गरिएका विद्यालय, निकाय, विषय, विद्यार्थी आदिको सङ्ख्यासहितको विवरण, परीक्षणबाट पाइएको नतिजाका प्रमुख अंश, समस्या देखिएका भए सो र समाधानका उपायहरू साथै आवश्यकतानुसार शैक्षिक नीति तर्जुमा र सेवा प्रवाहमा सुधारका लागि मन्त्रालय तथा सम्बद्ध निकायहरूकालागि सुझाव एवम् पृष्ठपोषण उल्लेख गर्नुपर्नेछ ।

## परिच्छेद ६ : विविध

१२. **विविध**

क) केन्द्रद्वारा सञ्चालन गरिने परीक्षणहरूमा सहभागी हुनु र केन्द्रलाई आवश्यक सहयोग गर्नु शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरू तथा नेपाल भित्र सञ्चालित कुनै पनि विद्यालय तथा शिक्षण संस्थाको कर्तव्य हुने छ ।

ख) नेपाल भित्र सञ्चालित विश्वविद्यालयका सम्बन्धित शिक्षक तथा



Scanned with CamScanner

प्राध्यापक, अनुसन्धानकर्ता तथा विद्यालयका शिक्षकहरूलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षणसम्बन्धी प्राविधिक कार्यमा खटाउन अनुरोध गरेमा सम्बन्धित निकायले विद्यार्थीको पठनपाठनमा बाधा नपुग्ने व्यवस्था समेत मिलाई खटाउनु पर्ने छ।

ग) परीक्षणको नतिजा, प्रयोजन तथा सुझावलाई समेत आधार मानी शैक्षिक सुधारको योजना निर्माण तथा कार्यान्वयन गर्नु नेपाल सरकार शिक्षा मन्त्रालय तथा सम्बद्ध निकाय, विद्यालय, शिक्षण संस्था तथा व्यक्तिको कर्तव्य हुनेछ।

घ) परीक्षणका क्रममा प्राप्त भएका व्यक्ति पहिचान हुने विवरणहरू सम्बन्धित व्यक्तिको अनुमति विना सार्वजनिक गरिने छैनन्। प्रकाशित विवरण बाहेक अन्य विवरणहरू शैक्षिक प्रयोजनका लागि प्रयोग गर्नका लागि शैक्षिक प्रयोजनको औचित्यका आधारमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले अनुमति दिन सक्नेछ। सम्बन्धित विद्यालयले अनुरोध गरेमा विद्यार्थीको सिकाइ सुधार गर्ने प्रयोजनका लागि आवश्यक विवरण उपलब्ध गराउन सकिने छ।

ङ) सम्बन्धित विद्यालयले शिक्षण सिकाइमा सुधार गर्ने प्रयोजनका लागि सञ्चालन गर्ने परीक्षणहरू तथा परीक्षा बोर्ड, परीक्षा समितिले लिने आवधिक परीक्षा, पाठ्यक्रम परीक्षण गर्ने, कुनै शैक्षिक विधि, प्रविधि, प्रक्रिया इत्यादिको परीक्षण गर्ने वा शिक्षाको गुणस्तर परीक्षण र सुधार गर्ने प्रयोजनका लागि मात्र सामान्यतया विद्यार्थीको उपलब्धि परीक्षण गरिने छ।

च) प्रमुख शिक्षा परीक्षक नियुक्त नभएको अवस्थामा प्रमुख शिक्षा परीक्षकले गर्ने भनी तोकिएका कार्यहरू शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यकारी प्रमुख (सहसचिव) ले सम्पन्न गर्ने छन्। तर प्रमुख शिक्षा परीक्षक नियुक्त नभएको वा उपस्थित नभएको अवस्थामा परीक्षण समितिको अध्यक्षता भने समितिका सदस्यहरूमध्ये सबभन्दा बरिष्ठ सदस्यले गर्ने छन्।

**१३. खारेजी तथा बचाउ**

क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७



Scanned with CamScanner

र शैक्षिक गुणस्तर परीक्षण कार्य सञ्चालन मार्गदर्शन, २०६९ खारेज गरिएको छ।

ख) शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७ र शैक्षिक गुणस्तर परीक्षण कार्य सञ्चालन मार्गदर्शन, २०६९ र अन्य प्रचलित कानुनअनुसार यस अघि भएका कार्यहरू यसै निर्देशिकाअनुसार भएको मानिने छ।

Scanned with CamScanner